हेटौंडा उपमहानगरपालिका

# १५ नं. वडा कार्यालय

**चुरियामाई, राटोमाटे, हेटौंडा**

**बागमती प्रदेश, नेपाल**

# बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा पश्चात दिगोपनाका लागि पञ्चवर्षिय रणनीतिक योजना

आ.व. २०८१/०८२ देखी २०८५/८६ सम्म

प्रकाशक

हेटौंडा उपमहानगरपालिका

१५ नं. वडा कार्यालय

**प्रथम संस्करण, २०८१ कार्तिक**

## सम्पादन सल्लाहकार

श्री सुनिल मोक्तान, वडा अध्यक्ष, १५ नं. वडा
श्री पातलीमाया गोङ्बा, वडा सदस्य/कार्यपालिका सदस्य, १५ नं. वडा
श्री मिनु विश्वकर्मा, वडा सदस्य, १५ नं. वडा
श्री राजेन्द्र तितुङ्ग, वडा सदस्य १५ नं. वडा
श्री सिंह वहादुर लो, वडा सदस्य १५ नं. वडा

## लेखन तथा सम्पादन

महिला बालबालिका तथा समावेशीकरण महाशाखा

## लेखन सहयोग

अनिषा तितुङ्ग : बालमैत्री स्थानीय शासन, वडा सहजकर्ता, १५ नं. वडा
कृष्ण वहादुर क्षेत्री, वडा सचिव, १५ नं. वडा कार्यालय

डिजाईनिङ्ग/पेज सेटिङ्ग : हेटौंडा उपमहानगरपालिका, १५ नं. वडा

**सर्वाधिकारः १५ नं. वडा कार्यालय**

# हेटौंडा उपमहानगरपालिका
## १५ नं. वडा कार्यालय
चुरियामाई, राटोमाटे, हेटौंडा
बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः
चलानी नं.:

मितिः २०८१/०७/१४

## मेरो प्रतिवद्धता

बालबालिकाहरु हाम्रो अमूल्य सम्पत्ति हुन, यिनीहरु वर्तमानका साझेदार र भविष्यका कर्णधार हुन जसको हामिले संरक्षण गर्नु पर्दछ । यिनिहरुको सुन्दर भविष्य निर्माणमा घरपरिवारको साथै यस वडाको ठूलो जिम्मेवारी र दायित्व हुन्छ। भविष्यमा वडा सञ्चालनको एउटा ठूलो हिस्सा ओगटेको आजको बालबालिकाको क्षेत्रमा हामिले लगानी गर्नु आवश्यक छ।

यहि कर्तब्य वोध भई यस १५ नं. वडाले २०७९ मंसिर २६ गते देखी बालमैत्री स्थानीय शासन पद्धतीको अवलम्बन गरी अवधारणाको सघन रुपमा सुरुवात गरेको थियो।जसको फलस्वरुप हाल १५ नं. वडा बालमैत्री स्थानीय शासनयुक्त घोषणाको अन्तिम चरणमा आइपुगेको अवस्था छ।

यस वडामा बालमैत्री स्थानीय शासनको कार्यान्वयनका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ ले ब्यवस्था गरेका ५१ वटा सूचक प्रासिका लागि यस वडालाई उपयुक्त ठानी सघन रुपमा कार्यान्वयन गर्दै आज घोषणाको अन्तिम चरणमा आइपुग्दा तथ्याङ्कको अवस्था अध्यावधिक गरी सरोकारवालाहरुको सहभागितामा सूचकको अन्तिम अवस्था मापन, कागजात व्यवस्थापन फाईल सूची अनुगमन गराई वडाको अन्तिम प्रतिवेदन र स्थिति पत्र प्रतिवेदन प्रकाशनको आधारमा बालमैत्री स्थानीय शासन घोषणाको निरन्तर दिगोपनाका लागि आ.ब. ०८१/०८२ देखी ०८५/०८६ सम्मको पञ्चबर्षीय रणनीतिक योजना तयारी गर्न पाउँदा खुसी लागेको छ ।

अन्तर्राष्ट्रिय बाल अधिकार महासन्धि सन १९८९ नवेम्बर २० मा नेपाल पक्ष राष्ट्र भई हस्ताक्षर गरी बाल अधिकारका ४ पक्ष (बाल बचाऊको अधिकार, बाल संरक्षणको अधिकार, बाल विकासको अधिकार, बाल सहभागिताको अधिकार) संरक्षणमा विशेष जोड दिईएको छ। बालबालिकाको हक हितका लागि बनेको संवैधानिक व्यवस्था, ऐन, नीति, निर्देशिका, कार्यविधिहरुको अक्षरस पालना गराउनु यस वडाको परम् कर्तब्य हो भन्ने महसुस भएकै छ ।यस रणनीतिक योजना वमोजिम आगामी दिनमा स्थलगत कार्ययोजना बनाई कार्यान्वयनका लागि आवश्यक श्रोत साधनको निरन्तर व्यवस्था गरिने प्रतिबद्धता ब्यक्त गर्दछु ।

अन्तमा यस १५ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा तथा बालमैत्री स्थानीय शासनको एउटा सिकाई केन्द्रको रुपमा स्थापना गर्ने कार्यमा आ–आफ्नो तर्फवाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग तथा समन्वय गर्नु हुने सबैमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

सम्पूर्ण बालबालिकाको उत्तरोत्तर प्रगति तथा उज्वल भविष्यको कामना।

सुनिल मोक्तान
वडा अध्यक्ष एवम्
अध्यक्ष, बालमैत्री स्थानीय शासन वडा समिति

# हेटौंडा उपमहानगरपालिका, वडा नं. १५ को नक्सा




## १. वडाको परिचयः

यस हेटौंडा उपमहानगरपालिकाको वडा नं. १५ साबिकको चुरियामाई गा.वि.सको वडा नं. ३,४,५,६,७,८ र ९ मिलेर बनेको हो। यसको कुल क्षेत्रफल १८.७७ वर्ग किलोमिटर रहेको छ। यस वडाको पुर्व सिमानामा वडा नं. १६, पश्चिमा त्रिभुवन राजपथ (वडा नं.१४), उत्तरमा वडा नं. ६, ७ र ८, र दक्षिण तर्फ जीतपुरसिमरा उपमहानगरपालिका अवस्थित छ। यसको अधिकांस भागहरु ग्रामिण स्तरका छन। यस वडा भित्र दिव्य सेवा निकेतन, ऋद्धी सिद्धी सिमेन्ट जस्ता संघ संस्थाहरु रहेका छन।

घरधूरी सर्वेक्षण, २०७९ अनुसार यस वडाको कुल जनसंख्या १०,९७९ रहेको छ जसमध्ये ५४१६ महिला, ५५६१ पुरुष र लैङ्गिक अल्पसङ्ख्यक २ जना रहेका छन भने कुल बालबालिका ३९३६ छन् जसमा बालक १६२४ र बालिका १५५६ रहेका छन् ।

यस हेटौंडा उपमहानगरपालिका, वडा नं. १५ ले २०८० चैत्र १९ गते पूर्ण खोप, २०७३ भाद्र ३० गते पूर्ण साक्षरता र २०६७ चैत्र २१ गते खुल्ला दिसा मुक्त वडा घोषणा गरिसकेकोले नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक विभिन्न सूचकहरु पार गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अभियानमा रहेको छ। हेटौंडा १५ नं. वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्नका लागी हेटौंडा उपमहानगरपालिका, विभिन्न संघ संस्था, विभिन्न सरोकारवालाहरुको प्रयास र सहयोगबाट यस वडालाई यहि २०८१ साल माघ भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी बालअधिकारको सुनिश्चितता तथा घोषणा पश्चात निरन्तर दिगोपना यस वडाको हालको प्रमुख उदेश्य रहेको छ।

### १.२ ऐतिहासिक पृष्ठभूमि तथा विशेषताः

नेपालको मध्य भागमा रहेको हेटौंडालाई वि.स. २०२६ सालमा नगर पञ्चायत घोषणा संगै यस वडाको निर्माण भएको हो। साविक चुरियामाई गा.वि.स.को ३,४,५,६,७,८ र ९ नं. वडाहरुलाई समेटी यस हेटौडा उपमहानगरपालिका वडा नं. १५ को निर्माण भएको हो।यस वडाका अधिकंश भागहरु ग्रमिण छन।

### १.३ प्रमुख व्यवसाय तथा रोजगारीको अवस्थाः

यस वडाका मानिसहरुको आर्थिक अवस्थालाई हेर्दा आर्थिक स्रोतको मुख्य पेशाहरु कृषि, ज्याला मजदुरी, सेवा-नोकरी, बैदेशिक रोजगारी रहेको छ। कुल घरपरिवारको ९५२ अर्थात ४१% घरपरिवार कृषि पेशामा रहेका छन् यसैगरी २११ अर्थात ९% घरपरिवारले व्यापार व्यवसाया पेशा गर्ने गरेका छन् । यसैगरी सेवा नोकरीमा यस वडाका २७० घरपरिवारका सदस्यहरु रहेका छन् । ज्याला मजदुरीलाई आफ्नो पेशा बनाउने २५% अर्थात ५७७ घरपरिवारका सदस्यहरु छन् ।

# २.बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा पश्चात दिगोपनाका लागि रणनीतिक योजना

## पृष्ठभूमिः

सुदृढ, सक्षम, जवाफदेही स्थानीय शासन पद्धति मार्फत बाल अधिकारको समग्र पक्ष कार्यान्वयन गरी नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहमा बाल अधिकार सुनिश्चित गर्न ल्याइएको शासकीय अवधारणा नै बालमैत्री स्थानीय शासन हो । संविधानमा भएको बाल अधिकार सम्बन्धी व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ परिच्छेद ३ दफा १५ को उपदफा २ को (ग), बालबालिका सम्बन्धी ऐन २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC),१९८९, लगायत बालबालिका सम्बन्धी अन्य कानून, वडा नगरको नीति तथा कार्यक्रमहरुले समेत बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गरेको छ । यो वडा समुदायको नजिकमा रहेर सेवा प्रवाह गर्ने निकायको रुपमा स्थापित भईसकेको छ । यस सन्दर्भमा बाल अधिकारको विषयलाई स्थानीय तहको समग्र कार्य पद्धति र प्रणालीमा अन्तरनिहित गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ । यस वडाले सोही कार्यलाई आत्मसाथ गर्दै बालमैत्री स्थानीय शासन र बाल अधिकारको विषयलाई समग्र कार्य पद्धति र प्रणालीमा समावेश गर्ने प्रतिवद्धता गरेको छ ।

असहाय, अनाथ, अपाङ्गता, जोखिममा रहेका बालबालिकाको संरक्षणमा जोड दिदै सबै सरकोरवालाहरुको सहभागिता सहितको बाल सहभागिताको माध्यमबाट बालबालिकाको अधिकार संरक्षण र प्रर्वद्धन गर्न योजनावद्ध कार्यक्रमहरु सञ्चालन गरी वडालाई २०८१ कार्तिक मसान्त भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरी घोषणा पश्चात यसको निरन्तर दिगोपनाको सुनिश्चित गर्नको लागि यो बालमैत्री स्थानीय शासन घोषणा पश्चातको रणनीतिक योजना तयार गरीएको छ ।

## २.१ रणनीतिक योजनाको लक्ष्यः

यस बालमैत्री स्थानीय शासन घोषणा पश्चातको दिगोपनाको लागि तयार गरीएको रणनीतिक योजनाका लक्ष्य, उद्देश्य तथा रणनीतिहरु यसप्रकार रहेका छन् ।

### लक्ष्यः

१. सुदृढ, सक्षम र जवाफदेही स्थानीय शासन पद्धति मार्फत बालमैत्री स्थानीय शासनको प्रवर्द्धनबाट बाल अधिकारको सुनिश्चततालाई निरन्तरता प्रदान गर्ने ।

## २.२ रणनीतिक योजनाको उद्देश्यहरुः

१. बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा पश्चात पनि प्राप्त उपलब्धिहरु कायम राख्ने,
२. बालमैत्री स्थानीय शासनका ५१ वटै सूचकहरु शत प्रतिशत हाँसिल गर्ने,
३. बालबालिकालाई प्रदान गरिने सेवा र अधिकारको क्षेत्रगत गुणस्तरमा सुधार गर्ने,
४. रणनीतिक योजना बमोजिम उचित लगानी गर्ने,
५. थप गुणस्तरीय बालमैत्री वातावरण तयार गर्ने,
६. सरोकारवालाहरुको अपनत्व बोध गराउँदै समग्र वडाको शासकीय पद्धतिलाई बालमैत्री बनाउने ।

## २.३ रणनीतिक योजना तर्जुमा प्रक्रिया

वि.सं. २०७९ मंसिर २० गते देखि बालमैत्री स्थानीय शासन अवलबन गरी विविध चरणमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, कार्यविधिहरु, बालबालिकाको आवधिक लगानी योजना, बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा कार्ययोजना लगायतका योजनाहरु निर्माण गरी उक्त नीति तथा योजनाहरु कार्यान्वयन गरीएको छ । बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा तोकिएको न्यूनतम ५१ ओटा सूचक तथा ५ चरणको २८ ओटा तहगत खुड्किलाहरुलाई मूल आधार मानी उक्त सूचक तथा तहगत खुडकिला प्राप्त गरीसकेको अवस्था छ। हाँसिल भएका अवस्थालाई निरन्तर टिकाई राख्न अत्यन्त जरुरी छ । बालमैत्री स्थानीय शासनयुक्त घोषणा पश्चात यसको दीगोपनाका लागि रणनीतिक योजना तयारी गर्दा विशेष रुपमा निम्न प्रक्रिया अवलम्बन गरीएको छः

- वडाका जनप्रतिनिधिहरु, वडा सचिव, बालबालिका, प्रतिनिधि, शैक्षिक संस्थाहरु, स्वास्थ्य संस्था ,बालमैत्री वडा सहजकर्ता, टोल विकास संस्थाहरुसंग कार्यशाला गोष्ठी,
- बिषयगत तथ्याङ्क अध्यावधिक (अभिलेखको आधार लिई),
- बैठकमा सूचना संकलन गरी नगर र वडा सरोकारवालाहरुसंग सुझाव र पृष्ठपोषण माग ,
- उपनगरस्तरीय बालवस्तुगत विवरण,
- स्थलगत अनुगमन,
- नगरको नीति तथा कार्यक्रम वजेट।

## २.४ दिगोपनाका लागि पञ्चबर्षीय रणनीतिक योजना तर्जुमाको औचित्यः

बालमैत्री स्थानीय शासन घोषणा गर्नु मात्र आफैमा पूर्ण प्रकृया होइन। घोषणा पश्चातको दिगोपना र निरन्तरतालाई ध्यानमा राख्न नसकिएमा घोषणा गर्नुको औचित्य नरहन सक्छ । त्यसकारण बालमैत्री स्थानीय शासनलाई निरन्तर टिकाइ राख्न रणनीतिक योजनाको विशेष आवश्यकता महशुस गरी यो पञ्चवर्षिय रणनीतिक योजना तयार गरीएको छ।

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ अनुसार बाल बचाऊ, बाल संरक्षण, बाल बिकास, बाल सहभागिता तथा संस्थागत बिकास अन्तर्गत सूचकहरुमा ३८ वटा सूचक १०० प्रतिशत र १० वटा सूचक अधिकतम ८०,९०,९५ प्रतिशत नतिजा प्राप्त गरेपश्चात घोषणा गर्न सकिने प्रावधान भएतापनि त्यसले पूर्णता नपाउने देखिन्छ । तसर्थ बाल बचाऊको पूर्ण स्तनपान, गर्भवती र सुत्केरी जाँच, आइरन चक्की, हात धुने आनी बानी, त्यसैगरी बाल संरक्षणका बाल विवाह, बालश्रम, घरेलु हिंसा, बाल संरक्षण प्रणाली, बाल विकास अन्तर्गत बालमैत्री शिक्षण सिकाइ, आधारभूत शिक्षा, छात्रामैत्री शौचालय, बाल सहभागिता अन्तर्गत निर्णय प्रक्रियामा सहभागिता, बाल समूहको क्षमता विकास एवं सक्रियता र संस्थागत विकास अन्तर्गत विद्यालय व्यवस्थापन समितिको क्रियाशिलता लगायतका सूचकहरुमा ८० प्रतिशत नतिजा प्राप्त गर्दा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न सकिने भएपनि ५१ वटा सूचकहरु मध्ये ४५ वटा सूचक १०० प्रतिशत, ३ ओटा सूचक ९७ प्रतिशत, २ वटा सूचकमा ९० प्रतिशत र १

सूचक ८१ प्रतिशत सम्म नतिजा हाँसिल भएको देखिन्छ ।उल्लेखनीय सुधार र निरन्तरताका साथ सत प्रतिशत लक्ष्य प्राप्तिका लागि यो रणनीतिक योजनाको औचित्य रहेको छ । साथै सत प्रतिशत नतिजा प्राप्त भएका सूचकहरुमा सोही नतिजाको निरन्तरताको लागि समेत यो रणनीतिक योजनाको औचित्य रहेको छ।

## ३.हेटौडा उपमहानगरपालिका १५ नं. वडाको शासकीय अवस्था विश्लेषणः

| | |
|---|---|
| सबल पक्ष | ❖ वडाका जनप्रतिनिधि, राजनीतिक दल र मुख्य बिषयगत सरोकारवालाहरु वडाको समृद्धि र विकासका लागि एकजुट हुने गरेको,<br>❖ खुल्ला दिशा मुक्त वडा घोषणा भएको,<br>❖ पूर्णखोप वडा घोषणा भएको,<br>❖ पूर्ण साक्षर नगर घोषणा भएको,<br>❖ शैक्षिक संस्थाको पहुँच रहेको,<br>❖ बालमैत्री स्थानीय शासनको सवालमा समुदाय सचेत भएको,<br>❖ बालमैत्री स्थानीय शासनको सवालमा उत्पन्न समस्या माथि कार्यपालिकाले बिशेष चासो लिई समाधान गर्ने गरेको,<br>❖ बाल समूह तथा बाल समूह संजाल सक्रिय भएका,<br>❖ बालमैत्री स्थानीय शासन पद्धतिको विकास भएको,<br>❖ बाल अधिकार संरक्षण नीति, बालबालिका सम्बन्धी ऐन लगायतका कानून कार्यान्वयनमा रहेको,<br>❖ बालमैत्री सहजकर्ता निरन्तर परिचालन हुनु,<br>❖ वडा तथा नगरमा बालमैत्री शाखाको स्थापना हुनु र वडामा १ जना जनप्रतिनिधि सम्पर्क ब्यक्तिको रुपमा काम गर्नु। |
| दुर्वल पक्ष | ❖ मागको आधारमा श्रोत साधनको उपलब्धतामा कमी छ,<br>❖ आवश्यक पूर्ण जनचेतनाको अभाव छ,<br>❖ सबै विद्यालयका भौतिक संरचना बालमैत्री अपाङ्गमैत्री व्यवस्थापनमा एकरुपता छैन,<br>❖ बालश्रम अन्त्य गर्न कठिन छ,<br>❖ बालबालिका लागुपदार्थ दुर्व्यसनमा लाग्ने जोखिम बढ्दो छ । |

## ४.हेटौडा उपमहानगरपालिका वडा नं. १५ मा बालमैत्री स्थानीय शासनका सूचकहरुको विद्यमान अवस्थाः

मिति २०८१।०७।११ मा बालमैत्री स्थानीय शासनका सूचकहरुको अन्तिम मापन गर्दा देहाय बमोजिमको अवस्था रहेको छ ।

### क) बाल बचाऊ

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेख गरीएका बाँच्न पाउने अधिकार सम्बन्धी सूचकहरुको वडास्तरीय अन्तिम अवस्था यस प्रकार रहेको छ ;

| क्र.स. | सूचक | हालको अवस्था (२०८१/०६/०९ सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व ८ पटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ४ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने। | ९७% | १००% | ६३ जना गर्भवती मध्ये समय पुगेका सबैले तालिका अनुसार जाँच गराएका छन्।१६२ सुत्केरी आमा सहित नवजात शिशु सबैले जाँच गराएका छन्। |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन् । | ९७% | ९५% | ६३ जना गर्भवती मध्ये समय पुगेका ६१ जनाले टिडी विरुद्धको खोप लगाएता पनि २ जनाले दोश्रो वा थप खोप लगाएका छैनन। |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की ( जम्मा २२५ वटा ) खाएका हुनेछन् । | ९७% | ९५% | १६२ जना सुत्केरी मध्ये १५७ जनाले २२५ वटा आइरन चक्की खाएका छन् भने ५ जनाले पूरा खाएका छैनन् र ६३ जना गर्भवतीले नियमित खादैछन्। |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराईएका हुनेछन् । | १००% | ८०% | १६२ जना मध्ये १४७ स्वास्थ्य संस्थामा सुत्केरी भएका छन् भने १५ जना घरमै स्वास्थ्य कर्मीको सहयोगमा सुत्केरी भएका छन्। |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्य रुपमा पूर्ण स्तनपान गराएका हुनेछन् । | ८१.४८% | ८०% | ७५ जना शिशु मध्ये ६७ जना शिशुले पूर्ण स्तनपान पाएका छन्। ८ जनाले पाएका छैनन्। |
| ६ | छ महिना देखि पाँच वर्ष मूनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाईएको हुनेछ। | १००% | १००% | ६ महिना देखि ५ वर्ष मूनिका ७८२ जना सबै बालबालिकाले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका छन्। |
| ७ | १५ देखी २३ महिना भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषणा भएको हुनेछ। | १००% | १००% | १५ देखी २३ महिना भित्रका सबै १३६ जना बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्णखोपयुक्त वडा घोषणा भएको छ। |

| | | | | |
|---|---|---|---|---|
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV prophylaxis पाएका हुनेछन्। | १००% | १००% | एच्आईभी संक्रमित बालबालिका नभएको। |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन् । | १००% | १००% | यस वडाका २३४५ घरपरिवार सबैले आयोडिनयुक्त नुनको प्रयोग गरेका छन्। |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरुको संख्यामा कमी आएको हुनेछ । | १००% | ८०% | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मूनिका बालबालिकाहरु नभएको। |
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ । | १००% | १००% | यस वडामा अति कडा कुपोषण भएका बालबालिका नभएको। |
| १५ | सबै घरधूरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ । | १००% | १००% | सबै २३४५ घरधूरीमा खानेपानीको सुबिधा रहेको छ। |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ । | १००% | १००% | सबै २३४५ घरपरिवारमा साबुन पानीले हात धुने परिपाटीको विकास भएको छ। |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ । | १००% | १००% | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग गरेका छन र खुला दिसा मुक्त घोषणा भइसकेको छ। |

## ख) बाल संरक्षण

बाल संरक्षणका सूचकको अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | हालको अवस्था(२०८१/०६/१०) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | ५ वर्ष मूनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ । | १००% | १००% | कानूनी अड्चन भएका बाहेक वडाको घटना दर्ता अभिलेख अनुसार सबै बालबालिकाको जन्मदर्ता भएको। |

| | | | | |
|---|---|---|---|---|
| २ | निकृष्ट प्रकारको बालश्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापना भएको हुनेछ। | १००% | १००% | वडा बाल अधिकार समिति र टोल विकास बाट नियमित अनुगमन एवं निगरानी भएको। यस वडाको १४ वर्ष मूनिका बालबालिका कोहि पनि कुनै प्रकारको श्रममा नरहेको। |
| ३ | स्थानीय तह बालविवाह मुक्त भएको हुनेछ । | १००% | १००% | वडा बाल अधिकार समिति, टोल विकास र बाल समूहबाट सचेतनामूलक कार्यक्रम साथै नियमित अनुगमन एवं निगरानी भएको, २०८० श्रावण देखि हालसम्म २० वर्ष नपुगेकाले विबाह नगरेको। |
| ४ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान )विद्यालय, सामाजिक चाडपर्व, भेला (मा बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमि आएको हुनेछ । | ८१% | ८०% | वडा बाल अधिकार समिति, टोल विकास, आमा समूह, सुरक्षा निकाय र बाल समूहको सक्रियतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल रहेको, सचेतनामूलक अभिमुखिकरण र अन्य कार्यक्रम सञ्चालन भएको। |
| ५ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याईएको हुनेछ। | १००% | १००% | वडा बाल अधिकार समितिको वैठक नियमित, टोल विकास, आमा समुह, सुरक्षा निकाय र बाल समुहको सकृयतामा बाल संरक्षण प्रणाली स्थापित र क्रियाशिल, वडामा बालमैत्री सम्पर्क शाखा स्थापित, वडा, विद्यालय र राटोमाटे प्रहरी चौकीमा बालमैत्री सम्पर्क व्यक्ति तोकिएको र गुनासो पेटिका राखि सुनुवाईको व्यवस्था मिलाईएको, बालमैत्री वडा सहजकर्ता परिचालित |
| ६ | छाउपडि, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ। | १००% | ९५% | यस वडामा यस्ता कुप्रथा नरहेको। |
| ७ | स्थानीय तह/समुदायले १४ वर्ष मुनिका असहाय बालबालिका (भएमा)को संरक्षण गर्न विषेश व्यवस्था गरेका हुनेछन्। | १००% | १००% | यस वडामा १४ वर्ष मूनिका अभिभावक विहिन ४ जना बालबालिकालाई नगर मार्फत मासिक २००० शैक्षिक सहयोग उपलब्ध गर्ने व्यवस्था रहेको। |
| ८ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शुन्य भएको हुनेछ। सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने। | १००% | १००% | यस वडामा सडक बालबलिका नरहेको। |

| | | | | |
|---|---|---|---|---|
| ९ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन् । | १००% | १००% | सबै विद्यालयले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनौ भनि लिखित प्रतिवद्धता गरेका छन। |
| १० | कुलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन् । | १००% | १००% | कुलतमा लागेका बालकलाई मामाघर नेपाल र बालिकालाई माईती नेपालमा राखी परामर्श र आवश्यकता अनुसार उपचार गर्न नगरसंग सम्झौता भए अनुसार वडाले सिफारिस गरि पठाउने व्यवस्था मिलाईएको। |

## ग) बाल विकास

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेख गरीएका बालबालिकाको विकासको अधिकार सम्बन्धी सूचकहरुको अवस्था यस प्रकार रहेको छः

| क्र.स. | सूचक | हालको अवस्था २०८१/६/१० | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबबालिका प्रारम्भिक बाल विकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको हुनेछ (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने ) | १००% | १००% | यस वडाका ३ वर्ष देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भई टिकाउदर सतप्रतिशत रहेको। |
| २ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा( १ देखि कक्षा ८ सम्म) पूरा गरेका हुनेछन् । | १००% | १००% | यस वडाका ५ देखि १४ वर्ष उमेर समूहका सबै बालबालिकाले आधारभूत शिक्षा पुरा गरेको। |
| ३ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भई यसको प्रयोग भएको हुनेछ । | १००% | १००% | ८ सामुदायिक र २ संस्थागत गरि १० वटा विद्यालय सबैमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालय, महिनावारी हुदाँ प्याड र प्याड विसर्जनको उचित व्यवस्था भई यसको प्रयोग भएको। |

| | | | | |
|---|---|---|---|---|
| ४ | सबै विद्यालयका पूर्वाधार ( कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन् । | १००% | १००% | यस वडाका १० वटै विद्यालयका पूर्वाधार ( कक्षाकोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा ) सुधार पश्चात बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित हुँदै गरेको। |
| ५ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। | १००% | १००% | यस वडाका १० वटै विद्यालयका विद्यार्थीलाई नियमित अतिरिक्त क्रियाकलापमा सहभागी गराई सोको अभिलेखीकरण गरिएको। |
| ६ | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिसर्जन गर्ने व्यवस्था हुनेछन्। | १००% | १००% | सवै विद्यालयले कुहिने र नकुहिने फोहोर लेवल अनुसारको डस्टबिनमा वर्गिकरण गरि उचित विसर्जन गर्ने गरेको। |

## घ) बाल सहभागिता

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेख गरीएका बालबालिकाको सहभागिता सम्बन्धी सूचकहरुको अवस्था यस प्रकार रहेको छः

| क्र स. | सूचक | हालको अवस्था( २०८१/ ६/१० | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | स्थानीय तहमा समावेशी आधारमा बाल संजाल गठन भई क्रियाशिल ( न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम संचालन ) रहेका हुनेछन् । | १००% | ९५% | मिति २०८० जेष्ठ १७ गते गठन भएको वडास्तरीय बालसंजालको बैठक र अतिरिक्त कृयाकलाप नियमित र नगरमा सुचिकृत। |
| २ | स्थानीय तहमा वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लब गठन भै क्रियाशील ( न्यूनतम वार्षिक ३ वटा बैठक, ३ वटा कार्यक्रम सञ्चालन ) रहेका हुनेछन् । | १००% | ९५% | टोलस्तरीय १७ र विद्यालयस्तरीय ७ वटा गरी २४ बाल समूहको बैठक र अतिरिक्त कृयाकलाप नियमित, सवै बाल समूहहरु वडामा सुचिकृत। |

| | | | | |
|---|---|---|---|---|
| ३ | ५ कक्षा भन्दा माथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लबको प्रतिनिधित्व रहनेछ। | १००% | १००% | वडाका ७ वटा विद्यालयका व्यवस्थापन समितिमा बालसमूहको आमन्त्रित सहभागिता रहेको। |
| ४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लब/संजालको प्रतिनिधित्व रहनेछ। | १००% | १००% | स्वास्थ्य व्यवस्थापन समितिमा वडा बाल संजालका १ बालक १ बालिकाको आमन्त्रित प्रतिनिधित्व रहेको। |
| ५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना / समितिहरुमा १५ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरीएको हुनेछ । | १००% | ९०% | वडामा रहेको विभिन्न सरोकारवाला समितिमा १ बालक र १ बालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिएको। |
| ६ | बालभेलाबाट माग भई आएका योजनाहरु स्थानीय तहको योजनामा समाबेश भएका हुनेछन्। | १००% | १००% | मिति २०८१ असार ३ मा आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरिएको ,<br>पञ्चवर्षिय लगानी योजना नगर कार्यपालिकाबाट स्विकृत भएको। |

## ङ) संस्थागत विकास सूचकः

हेटौडा उपमहानगरपालिकाले २०७९ भाद्र ५ गते बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन गर्ने निर्णय गरीसकेपछि यस १५ नं. वडामा सूचक प्राप्ति सहित बालमैत्री वातावरण निर्माणका लागि निरन्तर कार्य हुदै आएको छ ।वडाले सबै मापदण्डहरु पूरा गरी बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणाको संस्थागत विकासको महत्वपूर्ण आधार तय भएको छ ।

वडा कार्यालयले विगतका दिन देखि नै बालमैत्री स्थानीय शासनको संस्थागत विकासका लागि वडामा बालमैत्री सम्पर्क शाखा स्थापना गरी बालमैत्री स्थानीय शासनको गतिविधि सञ्चालनका लागि वडामा बालमैत्री सहजकर्ता परिचालन गरेको छ । बालबालिकाको आवधिक लगानी योजना बमोजिम बालमैत्री स्थानीय शासनका गतिविधिहरु सञ्चालन भइरहेका छन् । संस्थागत विकासको लागि बालसमूह गठन, विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समितिमा आमन्त्रित बाल सहभागिता सुनिश्चित, बालमैत्री स्थानीय शासन वडा समिति गठन गरी उक्त समितिहरुको क्षमता विकासका लागि सचेतनामूलक कार्यहरु गर्दै आइरहेको छ । विषयगत सरोकारवालाहरुको समन्वयमा नियमित अनुगमन र समीक्षा हुने गरेको छ । नगरवाट प्राप्त बालमैत्री आचारसंहिता कार्यान्वयनमा आएको छ । बालबालिकाको लागि आवधिक लगानी योजना तयार भई कार्यान्वयनमा आएको छ भने प्रत्येक वर्ष बालभेलाबाट आउने गरेका मागलाई समावेश गरी बालबालिकाको वार्षिक कार्ययोजना बनाई कार्यान्वयन हुने गरेको छ । बालमैत्री स्थानीय शासन वडा समिति, वडा समिति, वडा स्तरीय बालसमूह संजाल, वडा बाल अधिकार समिति लगायतको नियमित वैठक बस्ने गरको छ । बाल संरक्षण कार्ययोजना तयार गरेको छ भने बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा र निरन्तर रुपमा संस्थागत विकासको लागि यस १२ नं. वडाले बालमैत्री स्थानीय शासन घोषणा पश्चात दिगोपनाका लागि पञ्चबर्षिय रणनीतिक योजना समेत तयार गरेको छ ।

संस्थागत विकासकै सन्दर्भमा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा, बाल अधिकार र बाल सहभागिताको सुनिश्चिता र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा पश्चातको दिगोपनाका लागि वडा तथा नगरले लिएका नीतिगत विषयहरुः

- बाल विवाह, निकृष्ट बालश्रम र बाल शोषणलाई निरुत्साहित गरिनेछ ,
- बालमैत्री आचारसंहिता, बालबालिकाको लागि आवधिक लगानी योजना, बालबालिकाको स्थितीपत्र अद्यावधिक गर्दै बालमैत्री स्थानीय शासन घोषणा पश्चातको रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ,
- न.पा. तथा वडास्तरीय प्रतिवद्धता अनुरुप सम्पूर्ण सूचकहरु पूरा गरी बालमैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै २०८१ कार्तिक महिना भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिनेछ,
- लैङ्गिक तथा बाल अधिकारको विकेन्द्रित मूलप्रवाहीकरणका समस्त प्रक्रियामा वडा तथा स्थानीय तहको नेतृत्व रहने गरी सहजीकरण गरिनेछ,
- सामाजिक परिचालनको माध्यमबाट सामाजिक सचेतना बढाउँदै नागरिकहरुलाई विकासमा आवद्ध गराइनेछ। आयआर्जन विकास, बालमैत्री, सरसफाई र वातावरणमैत्री टोल बनाउने कार्यमा स्वतःस्फूर्त सहभागी गराइनेछ,
- विद्यालयहरुमा बालबालिकाको सहभागिता र विकास सम्बन्धी अधिकारको सुनिश्चितता गर्दै बालबालिका प्रति हुने हिंसा र दुर्व्यवहारलाई निरुत्साहित एवं निषेध गर्न विभिन्न प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ,
- विद्यालय नियमितता कायम गर्न वडाको क्षेत्र भित्रका बाल विकास केन्द्रमा अध्ययन गर्ने बालबालिकाका लागि बाल विकास केन्द्रहरुलाई बालबालिकाको संख्याको आधारमा बालबालिका पोषण तथा खाजा निरन्तर उपलब्ध गराइनेछ,
- सभ्य, स्वावलम्बी, सुसंस्कृत, क्षमतावान, योग्य र दक्ष नागरिक उत्पादनका लागि किशोर किशोरी शिक्षा लागू गरिनेछ,
- स्वास्थ्य सेवा अन्तर्गत उपचारको क्रममा वडा भित्रका अशक्त, अपाङ्ग, बिरामी, वेवारिसे, असहाय, गर्भवती महिला तथा बालबालिकाहरुलाई प्रोत्साहनमा प्राथमिकता दिइने छ,
- वडा पूर्णखोप सुनिश्चित घोषणा भई सकेको छ। पूर्णखोप सुनिश्चित र दिगोपनाका लागि आवश्यक प्रवर्धनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

## संस्थागत विकास सूचकको अवस्था

बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ मा उल्लेख गरिएका संस्थागत सूचकहरुको अवस्था यस प्रकार रहेको छः

| क स | सूचक | हालको अवस्था (२०८१/६/१० सम्म) | घोषणाको लागि आवश्यक प्रतिशत | सूचकको व्याख्या |
|---|---|---|---|---|
| १ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशिल रहेका हुनेछन्। | १००% | १००% | बालमैत्री स्थानीय शासन वडा समिति र वडा बाल अधिकार समिति गठन र सक्रिय |
| २ | स्थानीय तहहरुले आफ्नो लागि | १००% | १००% | निम्न नीति, नियम, कार्यविधी र |

| | | | | |
|---|---|---|---|---|
| | बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | | निर्देशिका कार्यान्यनमा ल्याईएको:<br>• हेटौंडा उपमहानगरपालिका बालबालिका सम्वन्धी ऐन,२०७९ ,<br>• हेटौंडा उपमहानगरपालिकाको बालअधिकार संरक्षण नीति , २०७९ (बालमैत्री आचारसहितां समावेश गरिएको)<br>• बालसमूह संजाल गठन तथा सहजिकरण निर्देशिका,२०७९,<br>• बालकोष स्थापना र सञ्चालन कार्यविधि,२०७९ ,<br>• बालमैत्री स्थानीय शासन सहजकर्ता नियुक्ति सम्वन्धी कार्यविधि , ,२०७७<br>• प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि,२०८०,<br>विद्यालय बस सञ्चालन निर्देशिका,२०८० |
| ३ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाई स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ। | १००% | ८०% | • वडाको परिसरमा बाल उद्यान निर्माण कार्य सुरु भएको।<br>• हेटौंडाको पुष्पलाल पार्कमा रहेको नगरस्तरीय बाल उद्यानमा सिकाई स्रोत केन्द्र स्थापना भई सञ्चालनमा ल्याईएको। |
| ४ | बालबालिकाको वस्तुगत विवरण (प्रोफाईल)को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भई कार्यान्वयन भएको हुनेछ। | १००% | १००% | बाल वस्तुगत विवरण तयार भए पश्चात २०८० माघ ४ गते पञ्चवर्षिय लगानी योजना निर्माण गरि नगर कार्यपालिकाबाट स्विकृत भएको। |
| ५ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेको विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरीएको | १००% | १००% | मिति २०८१\०३\०३ गते आयोजित बालभेलाबाट प्राथमिकिकरण गरि माग भई आएका योजना वडाको वार्षिक बजेटमा समावेश गरि कार्यान्वयन भएको। |

| | | | | |
|---|---|---|---|---|
| | हुनेछन्। | | | |
| ६ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ । | १००% | १००% | वडा नं. १५ को बालबालिकाको स्थीति पत्र तयार। |
| ७ | प्रारम्भिक बाल विकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड पूरा गरेका हुनेछन् । | १००% | १००% | यस वडाका १० वटै बाल विकास केन्द्र नगरको प्रारम्भिक बालशिक्षा केन्द्र एवं शिशु विकास केन्द्र व्यवस्थापन कार्यविधि २०८० अनुसार सञ्चालन भइरहेको। |
| ८ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरीक्त कक्षा सञ्चालन गरेका हुनेछन् । | १००% | १००% | सबै विद्यालयले अतिरिक्त कृयाकलाप अन्तर्गत बालमैत्री वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन सञ्चालन गरिएको। |
| ९ | आधारभूत शिक्षा पश्चात विद्यालयका शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमुलक तालिम ) प्राप्त गरेका हुनेछन् । | १००% | १००% | यस वडामा आधारभूत विद्यालय शिक्षावाट वञ्चित भएका बालबालिकाहरु यस वर्ष नभेटिएको। बालसमूहमा आवद्ध बालबालिकालाई नियमित रुपमा व्यवहारिक ज्ञान, बोली व्यवहार, पारिवारिक संस्कार बारे जीवन उपयोगी शिक्षा दिने गरिएको। |
| १० | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाई रहेको हुनेछ। | १००% | १००% | रातोमाटे प्रहरी चौकीमा बालमैत्री सम्पर्क शाखा स्थापना गरि बालमैत्री सम्पर्क व्यक्ति समेत तोकिएको। |
| ११ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम मापदण्ड अनुसार बालमैत्री र अपाङ्गमैत्री हुनेछन् । | १००% | १००% | यस वडाका २ वटा विद्यालयले सञ्चालन गरिरहेको स्कुल बस नगरको विद्यालय बस सञ्चालन निर्देशिका, २०८० को मापदण्ड अनुसार रहेको |
| १५ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको | १००% | १००% | वडा कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको। |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था भएको हुनेछ । | | | |
| १३ | बसपार्क, सिनेमा हल, हाट बजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | १००% | १००% | यस वडामा रहेको सार्वजनिक स्थानमा खानेपानी धारा र शौचालय बालमैत्री हुदै गरेको। |
| १४ | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बाल बालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | १००% | १००% | बाल सहभागिता सहित विपद् व्यवस्थापन समिति गठन भई बैठक बसेको। |
| १५ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ । | १००% | १००% | विपद् व्यवस्थापन कोषको व्यवस्था गरि विपद् व्यवस्थापन सामाग्री जगेडा राख्ने व्यवस्था हुदैं गरेको। |

(स्रोतः अन्तिम सूचक मापन,२०८१)

## ५.हेटौडा उपमहानगरपालिका तथा वडामा बालबालिकाको क्षेत्रमा प्रत्यक्ष रुपमा कार्य गर्ने साझेदार/सहयोगी संस्थाहरुको पहिचानः-

बालमैत्री स्थानीय शासनयुक्त घोषणा र यसको निरन्तरताको लागि नगर र वडा कार्यालयको प्रयासबाट मात्र सम्भव नहुने हुँदा वडामा रहेका विभिन्न संघ संस्था र साझेदार निकायहरुको सहयोग आवश्यकता पर्दछ । बालमैत्री स्थानीय शासनयुक्त घोषणा तथा दिगोपनाका लागि सहयोग गर्ने सरोकारवाला निकायहरु यस प्रकार रहेका छन्ः

| **कार्यालय/संस्थाको नाम** | **बालमैत्री स्थानीय शासनको क्षेत्रमा गर्ने मुख्य मुख्य काम** |
|---|---|
| संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | घोषणा दिगोपनाका लागि बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ तथा घोषणा कार्यविधि बमोजिम नगर तथा वडालाई अनुगमन, सहयोग, सुझाव नीति, निर्देशिका प्रदान। |
| बागमती प्रदेशको सरकार | संविधान, ऐन, कानून, कार्यबिधि अनुसार बालमैत्री स्थानीय शासन  अवधारणलाई संस्थागत गर्न, आर्थिक तथा सामाजिक सहयोग,अनुगमन पृष्ठपोषण आदि । |

| | |
|---|---|
| जिल्ला समन्वय समितको कार्यालय हेटौडा, मकवानपुर | वडा तथा नगरपालिकाको क्षमता विकास र बालमैत्री स्थानीय शासनको नियमित अनुगमन, दिगोपनाका लागि पृष्ठपोषण |
| नगरपालिका र वडा कार्यालयहरु | • केन्द्र र प्रदेश तथा अन्य सरोकार निकायवाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु आ-आफ्नो क्षेत्रको सन्दर्भमा आवश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने,<br>• आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने,<br>• बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि बिभिन्न संरचनाहरुको नियमित वैठक बस्ने,<br>• बालमैत्री स्थानीय शासन प्रवर्द्धनकालागि स्थानीयस्तरमा योजना तथा कार्यक्रम सञ्चालन गर्दा नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>• बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि बजेट विनियोजन गर्ने,<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति बनाई वार्षिक एवं आवधिक योजनामा समावेश गर्ने,<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन,समीक्षा तथा मूल्याङ्कन गर्ने,<br>• बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरु समन्वयात्मक र एकीकृत ढंगबाट सञ्चालन गर्ने गराउने,<br>• बालसमूह तथा संजालहरुको विकासमा सहयोग पुऱ्याउनु,<br>• बालमैत्री स्थानीय शासनको बार्षिक प्रगति समीक्षा गर्ने,<br>• आ–आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने,<br>• गर्भवती महिला एवं बालबालिकाको स्वास्थ्य सम्बन्धी सेवालाई बालमैत्री गराउने,<br>• बालबालिकाको आधारभूत स्वास्थ्य प्रवर्द्धनको लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्री बनाउने,<br>• बालबालिकाको शैक्षिक विकासका लागि सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुलाई बालमैत्री बनाउने,<br>• विद्यालय जान नसक्ने र बीचैमा कक्षा छोड्ने |

| | |
|---|---|
| | बालबालिकालाई विद्यालय शिक्षा उपलव्ध गराउने योजना कार्यान्वयन गर्ने, र व्यवहारीक तालिमको अवसरको व्यवस्था गर्ने<br>• बालबालिकाको शारीरिक विकासको लागि भौतिक साधनको व्यवस्था गर्ने,<br>• बाल उद्यानको निर्माण सहित सिकाई स्रोत केन्द्रको व्यवस्था बिकास गर्ने,<br>• सचीकृत गरीएको बालसमूह तथा बालसमूह संजालहरुको तथ्याङ्क अद्यावधिक गर्ने,<br>• वडालाई बालमैत्री स्थानीय शासनयुक्त घोषणा निरन्तरताका लागि आवश्यक सहयोग र समन्वय गर्ने |
| नगरपालिकाको स्वास्थ्य शाखा र स्वास्थ्य चौकीहरु, शहरी स्वास्थ्य क्लिनिक | • बाल बचाऊ अन्तर्गतका १४ वटा सूचकहरुको निरन्तर पूर्णताका लागि पोषण सचेतना, गर्भवती जाँच, सुनौला १००० दिन एवं सुरक्षित मातृत्वको कार्यक्रम सञ्चालन, पूर्णखोप अध्यावधिक निरन्तरता, भिटामिन ए, सरसफाई अभियान लगायत आवधिक लगानी योजनाको उल्लेखित कार्य गर्ने |
| संचारक्षेत्र, गै.स.स. तथा टोल विकास संस्था,अन्य समूह संगठन, संघसंस्थाहरु | • बालबालिकाको पोषण सुधार, बाल संरक्षण, क्षमता विकास, पूर्ण सरसफाई, बालमैत्री स्थानीय शासन कार्यान्वयन र दिगोपनाका लागि सहयोग गर्ने ।<br>• बालमैत्री आचार संहिता व्यवहार सम्बन्धी प्रचार प्रसार गर्ने ।<br>• विद्यालय तथा समुदायलाई सरसफाईको विषयमा सचेत गराउने ।<br>• बाल विकास केन्द्र एवं अन्य कक्षालाई बालमैत्री गराउनका लागि आर्थिक एवं प्राविधिक सहयोग गर्ने।<br>• विद्यालय भर्ना अभियान, बालसमूहको क्षमता विकास,बाल अधिकार र बालमैत्री सम्बन्धी सचेतना कार्यक्रम लगायत बालबालिकाका लागि तयार गरिएको आवधिक लगानी योजनाका कार्यक्रम सञ्चालनमा सहयोग गर्ने। |
| सेफ हाउस, बालगृहहरु | असहाय, अनाथ, जोखिममा परेका बालबालिकाको लालन पालन प्रति सचेत रहि सेवा सम्भारको व्यवस्था गर्ने । |

## ६. घोषणाको निरन्तर दिगोपनाका लागि तयार गरिएका रणनीतिहरुः

वडा बालमैत्री स्थानीय शासनयुक्त घोषणा र निरन्तर दिगोपनाका लागि तयार भएका कार्ययोजनालाई के कसरी कार्यान्वयन गर्दा दिगोपना कायम गर्न सकिन्छ भन्ने सम्बन्धमा वडाले २०८१/०७/११ गते सञ्चालन गरीएको कार्यशालामा तयार गरीएका क्षेत्रगत रणनीतिहरुः

## बालबचाऊ

१. गर्भवतीको लागि निःशुल्क एम्बुलेन्स/यातायातको सेवा हुने गरि व्यवस्थापन गर्ने।
२. बर्थिङ्ग सेन्टर/हस्पिटलमा निःशुल्क आवासको व्यवस्थापन गर्ने र ल्याबको निःशुल्क सेवा उपलब्ध गराउने
३. हरेक स्वास्थ्य संस्थामा निःशुल्क भिडियो एक्सरे सेवा उपलब्ध गराउने
४. पुर्ण खोप कार्डको आधारमा विद्यालयमा भर्ना गर्ने नियम लागु गर्ने
५. सुत्केरी पश्चातको जाच ४ पटक बढाउनलाई स्वास्थ्य कर्मीलाई यातायातको सुविधा उपलब्ध गराउने।
६. स्वास्थ्य आमा र स्वास्थ्य बच्चा प्रतियोगिता गर्ने
७. पुर्ण खोप वडा घोषणालाई निरन्तरता दिने

## बाल संरक्षण

१. बाल बिवाह, बालश्रम विरुद्धको सचेतना कार्यक्रम नियमित रुपमा सञ्चालन गर्ने
२. टोल विकास संस्था लगायतका संघ संस्था संग समन्वय गरि प्रत्येक ३ -३ महिनामा अनुगमन सहित कार्यान्वयन गर्ने
३. तालिम तथा गोष्ठीहरु बालबालिका र अभिभावक सहितको कार्यक्रम सञ्चालन गर्ने
४. अभिभावक नभएका तथा न्युन आय भएका परिवारको बालबालिकालाई उच्च शिक्षा सम्म निःशुल्क शिक्षाको व्यवस्था गर्ने
५. न्युन आयस्रोत भएका परिवारलाई रोजगारी तथा आयमुलक कार्यक्रमको व्यवस्था गर्ने
६. बालबालिका हिंसा तथा श्रम सम्वन्धी कानुनी प्रकृयालाई कडाईका साथ लागु गर्ने
७. वार्षिक रुपमा वडाबाट वजेट विनियोजन गर्ने

## बाल विकास

१. अभिभावक सचेतना कार्यक्रम फरक क्षमताका लागि व्यवस्था, शिक्षालयको सम्पर्क सुचना प्रकाशन होर्डिङ्ग बोर्डको व्यवस्था गर्ने
२. सेवा क्षेत्रको तथ्याङ्क सङ्कलन र अभिभावक सहयोग कार्यक्रम तथा विद्यार्थी ट्राकिङ्ग व्यवस्था गर्ने
३. पर्याप्त शौचालय निर्माण, मर्मत सम्भार र प्याड डिस्पोजलको व्यवस्था गर्ने
४. समय सापेक्ष पर्याप्त बालमैत्री तथा फर्निचर निर्माण,खेल सामाग्री व्यवस्था, पानी ट्याङ्की धारा फर्निचर आदीको नियमित मर्मत सम्भार गर्ने
५. अतिरिक्त कृयाकलापका लागि आवश्यक सामाग्री र अभिलेख व्यवस्थापन निरन्तर गर्ने
६. अलग अलग फोहोर व्यवस्थापन र विसर्जनका लागि नियमित व्यवस्था गर्ने

## बाल सहभागिता

१. ५ वर्ष भित्र क्षमता अभिवृत्ती कार्यक्रम सञ्चालन गर्ने, (१० पटक)
२. वडा मार्फत वर्षमा २ पटक अतिरक्त कार्यक्रम कृयाकलाप सञ्चालन गर्ने
३. स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गतिविधीमा पनि बालसहभागिता गराउने
४. विभिन्न अतिरिक्त कृयाकलाप गर्नको लागि वडाद्वारा बजेट छुट्याउने

५. शैक्षिक साथै अतिरिक्त कृयाकलापमा सामेल हुन बालबालिकालाई प्रोत्साहन दिने
६. टोलस्तरीय बालसमुहहारुलाई सक्रिय बनाई राख्न वडाबाट टोल विकास संस्थालाई बालसमुह सञ्चालनका लागि बजेट दिने।

## संस्थागत विकास

१. बालमैत्री स्थानीय शासन समितिले बालमैत्री स्थानीय शासन घोषणा पश्चात पनि कृयाशिल रहने
२. स्थानीय तहहरुले आफ्नोलागि बालमैत्री आचारसंहिता र निति नियम समय सापेक्ष अध्यावधिक गर्ने
३. नगर भित्र रहेको बालमैत्री सिकाई केन्द्रको थप व्यवस्थापन गर्ने
४. आधारभित शिक्षा पश्चात विद्यालय बाट बन्चित भएका बालबालिकाहरुलाई व्यवसायिक तथा सिपमुलक तालिममा समावेश गर्न उत्प्रेरित गर्ने
५. बालबालिकालाई बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्वन्धी शिक्षा दिने
६. नगर/वडा भित्र रहेका सम्पुर्ण प्रशासनिक कार्यालयलाई बालबालिका मैत्री अपाङ्गमैत्री बनाउने
७. नगर/वडा भित्र रहेका सम्पुर्ण सार्वजनिक स्थलहरुमा रहेका शौचालय तथा खआनेपानीको धारा बालमैत्री तथा अपाङ्गमैत्री बनाउने
८. स्थानीय तहको योजना तर्जुमा गर्दा बालबालिकाको सहभागिता सुनिश्चित गर्ने, बाल सहभागितालाई थप शसक्त बनाउने

# ७. बालमैत्री स्थानीय शासन घोषणापश्चात निरन्तरताका लागि गरिने मुख्य क्रियाकलापहरु र अनुमानित वजेट

यस वडालाई वि.सं. २०८१ माघ भित्र बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने तयारी भइरहको छ । बालमैत्री स्थानीय शासनयुक्त घोषणाको अन्तिम चरणमा आएको हुँदा घोषणा गरे पश्चात बाल अधिकारका चार क्षेत्र र बालमैत्री स्थानीय शासनका सूचकहरुको निरन्तरता र दिगोपनाका कार्यक्रमहरु देहायबमोजिम सञ्चालन गरिने छ।

## बालबचाउको क्षेत्रमा गरिने क्रियाकलाप तथा बजेटः

| क्र.स. | समस्या/ सवाल | सुधार तथा दिगोपनाका लागी गरिने क्रियाकलापहरु | योजना अवधि (आगामी ५ वर्षको जम्मा) | | कार्यान्वयन गर्ने जिम्मेवार निकाय | |
|---|---|---|---|---|---|---|
| | | | संङ्ख्या | बजेट (एकमुष्ठ) | प्रमुख | सहयोगी |
| **बाल बचाऊ** | | | | | | |
| १ | -पोषण<br>-सचेतना<br>-कुपोषण<br>-सुत्केरी जाँच<br>-प्रोत्साहन | सुत्केरी भेला गरी पूर्ण स्तनपानको महत्वबारे सचेतना कार्यक्रम गर्ने | १० | २५,०००।- | नगर, स्वास्थ्य शाखा, वडा, स्वा. चौकी | स्वास्थ्य संस्था |
| २ | | गर्भवती र सुत्केरीसंग स्थानीय पोषिलो खाना व्यवस्थापनबारे अन्तरक्रिया गर्ने | ९ | २७०००।- | स्वास्थ्य संस्था | स्वास्थ्य व्यवस्थापन समिति |
| ३ | | आमा सुरक्षा कार्यकमबारे आमा | ४५ | | स्वास्थ्य | वडा कार्यालय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | समूहको वैठकमा छलफल गन | | | संस्था | |
| ४ | | स्वास्थ्य स्वयमसेविका र बालसमूह परिचालन गरी विद्यालयस्तरीय तथा टोलस्तरीय हात धुने, आनीबानी परिवर्तन सम्बन्धी कार्यक्रम गर्ने | ९ | १८०००।- | स्वास्थ्य संस्था | विद्यालय, टोल विकास संस्था |
| ५ | | स्तनपान सप्ताह मनाउन | ५ | ५०,०००।- | नगर, स्वास्थ्य शाखा, वडा, स्वा. चौकी | स्वास्थ्य संस्था |
| ६ | | स्वास्थय संस्थाले पोषणयुक्त खानेकुरा आमा समूहको बैठकमा प्रदर्शन गरि सचेत गराउने । | निरन्तर | | नगर, स्वास्थ्य शाखा, वडा, स्वा. चौकी | स्वास्थ्य संस्था |
| ७ | | स्वास्थ्य संस्था, आमा समुह, टोविस तथा सहकारीहरुको बैठकमा स्वास्थ्यका सूचक सम्बन्धी अन्तरकिया गर्ने । | ९ | २७०००।- | स्वास्थ्य संस्था | आमा समूह, टोल विकास संस्था, सहकारी |
| ८ | खोप | पूर्ण खोपको सुनिश्चितता, घोषणा र अध्यावधिक गर्ने । | ५ | २५,०००।- | न.पा. | स्वास्थ्य संस्था |
| ९ | | खोप अभियान गर्दा छुटेका बालबालिकालाई खोज गरी खोप लगाउने । साथै खोपको समयमा जन्मदर्ता माग गर्ने । | निरन्तर | | स्वास्थ्य संस्था | वडा कार्यालय |
| १० | भिटामिन ए | भिटामिन "ए" को सुनिश्चिताको लागि सूचना सचेतना र अनुगमन माइकिड. आदि प्रति **बर्ष २ पटक कार्तिक, बैशाख** | निरन्तर | | न.पा. | स्वास्थ्य संस्था |
| ११ | स्वास्थ्य शिक्षा | विद्यालयमा प्रजनन स्वास्थ्य शिक्षा सम्बन्धी सत्र संचालन गर्ने ( ६ कक्षा माथिका किशोर किशोरीलाई) | १४ | ३५०००।- | स्वास्थ्य संस्था | विद्यालय |
| | | टो वि स ले खानेपानीको सबै मुहान सरसफाई गर्ने र पानी शुद्धिकरणका घरेलु उपाय बारे स्वास्थ्य स्वयेम सेविका मार्फत टोल टोलमा र विद्यालयमा सचेतना गर्ने। | ९ | २७०००। | विद्यालय | स्वास्थ्य संस्था, वातावरण शाखा |
| १५ | | टो.वि.स.ले समुदाय भेला गरि बजारीया खाना (जंक फुड) नखुवाउन सचेत गर्ने । | निरन्तर | | टो.वि.स. | स्वास्थ्य संस्था |
| १३ | खानेपानी र सरसफाई | प्रत्येक वर्ष पानीको शुद्धता जाँच गर्ने | निरन्तर | | न.पा., वडा | स्वास्थ्य संस्था |

| | | | | | | |
|---|---|---|---|---|---|---|
